दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १६ | बुटवल | २०८१ पौष २६, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Jan 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## धरौटी बुझाए पनि थुनामुक्त हुने छैनन् रवि



बुटवल । पोखराको सूर्यदर्शन सहकारीको बचत अपचलन गरेको अभियोगमा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका सभापति रवि लामिछानेलाई कास्की जिल्ला अदालतले ६५ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको छ।

तर उनी धरौटी बुझाए पनि छुट्ने छैनन् । उनलाई कास्कीमा धरौटी बुझाउने बित्तिकै स्वर्णलक्ष्मी सहकारीको बचत अपचलन मुद्दामा पेश गर्न काठमाडौं जिल्ला अदालत लगिने छ।

जिल्ला न्यायाधीश नितिज राईको इजलासले बिहीबार लामिछानेलाई ६५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो । सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा अनुसन्धान गर्न प्रहरीले रास्वपा सभापति लामिछानेलाई गत कात्तिक २ गते पक्राउ गरेको थियो।

पोखराको सूर्यदर्शन सहकारीको बचत रकम गैरकानुनी हिसाबले गोर्खा मिडियामा आएको भन्दै गोर्खा मिडियाका तत्कालीन प्रबन्ध निर्देशक लामिछानेमाथि कारबाही गर्न संसदीय छानबिन समितिले सिफारिस गरेको थियो ।सहकारी ठगीमा तत्कालीन उपप्रधान तथा गृहमन्त्रीसमेत रहेका रास्वपा सभापति लामिछाने संलग्न रहेको भन्दै कांग्रेसले निरन्तर प्रतिनिधि सभा अवरोध गरेपछि गत जेठ १५ गते रास्वपासहितको प्रतिनिधित्व हुने गरी संसदीय छानबिन समिति गठन भएको थियो ।उक्त समितिले छानबिन गरी लामिछानेमाथि कारबाही गर्न सिफारिस गरेको थियो । मन्त्रिपरिषद्को बैठकले समितिको प्रतिवेदनलाई कार्यान्वयनमा लैजाने निर्णय गरेसँगै जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान अघि बढाएको थियो।

प्रहरीले अनुसन्धान सकेर सरकारी वकिलको कार्यालय कास्कीले पुस ७ गते जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरेको थियो। मुद्दा दायर गर्दा सरकारी वकिलले रवि लामिछानेसँग सहकारी ठगी गरेको कसुरमा मात्रै ३ करोड ३७ लाख ६५ हजार रुपैयाँ बिगो मागदाबी गरेको थियो।

सम्पत्ति शुद्धीकरणमा मात्रै २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँ स्रोत नखुलेको भन्दै बिगो मागदाबी गरेको थियो।सम्पत्ति शुद्धीकरण ऐन २०६४ को दफा २७ अनुसार राष्ट्र सेवकविरुद्ध मुद्दा दर्ता भए निलम्बनमा पर्ने व्यवस्था छ।

» *बाँकी ३ पेजमा*

## प्रविधि प्रतिष्ठानमा बाँस्कोटा पुनः नियुक्त



बुटवल । लुम्बिनी प्रदेश मन्त्रिपरिषद्को बैठकले अनुप बास्कोटालाई प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको कार्यकारी निर्देशकमा पुनः नियुक्त गर्ने निर्णय गरेको छ । उनी यसअघि पनि प्रतिष्ठानको कार्यकारी निर्देशक थिए।

लुम्बिनी प्रदेश सरकारले प्रतिष्ठान स्थापना गरेसँगै २०७६ सालमा शंकर पोखरेल नेतृत्वको सरकारले बास्कोटालाई कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो । पोखरेल नेतृत्वको सरकार अल्पमतमा परेपछि गठन भएको माओवादीका कुलप्रसाद केसी नेतृत्वको सरकारले बास्कोटालाई हटाएर रेगमबहादुर भण्डारीलाई कार्यकारी निर्देशक नियुक्त गर्ने निर्णय गरेको थियो।

त्यसविरुद्ध बास्कोटा अदालत गए। अदालतको स्टे अर्डरले भण्डारीको नियुक्त बदर भयो । त्यसपछि निरन्तर निर्देशकमा रहेका बास्कोटाको समायावधि सकिएकाले लुम्बिनी प्रदेश सरकारको बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले पुनः ५ वर्षका लागि नियुक्त गर्ने निर्णय गरेको हो।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बिहीबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले सूचनाको हक कार्यान्वयनसम्बन्धी विषयको प्रदेश अनुगमन इकाई गठन गर्ने निर्णय पनि गरेको छ। त्यस्तै बैठकले लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयकलाई प्रदेशसभामा पेस गर्न स्वीकृति प्रदान गरेको छ।

सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीका अनुसार, लुम्बिनी प्रदेश तथा स्थानीय तहबिच समन्वय तथा विवाद समााधनसम्बन्धी विधेयकको अवधारणापत्र स्वीकृत गर्ने निर्णय पनि बैठकले गरेको छ।

# प्रविधिको प्रयोगले बदलिंदै सिद्धार्थनगर

**सिद्धार्थनगर नगरपालिकाले प्रविधिको प्रयोग गरी सेवा प्रवाह छरितो बनाएको छ। सीसीटिभीले नगरको गतिविधि निगरानी गरी अपराध नियन्त्रणमा प्रहरीलाई सघाउ पुगेको छ।**

**मोहम्मद हबिब**
*भैरहवा*

सिद्धार्थनगरको निगरानी सीसी क्यामराले गर्दैछ । प्रविधिको प्रयोग गरी निगरानी र सुरक्षा गर्ने योजना कार्यान्वयन भएपछि अहिले नगरपालिकाको सेवा प्रवाहमा सुधार भएको छ।

नगरको व्यस्त ठाउँमा १८ वटा सीसी क्यामराबाट निगरानी भएको छ। अपराध नियन्त्रणमा सिसी क्यामरा प्रभावकारी देखिएपछि पालिका क्षेत्रमा रहेका व्यस्त क्षेत्र, मुख्य मार्ग र सम्भावित क्षेत्रको सीसी क्यामेराबाट निगरानी हुँदै आएको हो । नगरको मुख्य १८ स्थानमा रहेका सीसी क्यामराले गतिविधि सिधैं जिल्ला प्रहरी कार्यालयको सूचना शाखामा रहेको स्क्रिनमा पठाउँछ।

सीसी क्यामरामा रेकर्ड भएको दृश्यले सवारी दुर्घटना भएपछि सत्य तथ्य थाहा पाउन प्रहरीलाई सजिलो भएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रमुख एसपी रञ्जितसिंह राठौरले बताए । उनका अनुसार, सिसिटिभीको फुटेजबाट साना-ठूला अपराध अनुसन्धानका क्रममा प्रहरीलाई ठोस प्रमाण जुटाउन र कारवाही गर्न सिसी क्यामरा सहयोगी हुने गरेको छ।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँका अनुसार, प्रविधिको प्रयोगले विकास र आर्थिक हैसियत मापन गर्छ। तीब्र शहरीकरण भइरहेकाले प्रविधिको प्रयोग अपरिहार्य छ।

नगरपालिका र मातहतका सेवाप्रदायक कार्यालयहरुमा सुशासन र पारदर्शिताको लागि प्रदान गर्ने सेवा सुविधालाई चुस्तदुस्त पार्न कार्यालयको निगरानीको लागि सीसी क्यामरा जडान गरिएको छ। यसले कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको गुनासोलाई कम गर्न र सेवाग्राहीको सेवालाई पारदर्शी बनाउन सहयोग पुगेको नगरप्रमुख खाँले जानकारी दिए ।

भैरहवा खुला सिमाका कारण सवारी साधनको अनाधिकृत प्रयोग पनि समस्याको रुपमा रहेको छ। जिल्लामा बढ्दो दुर्घटना, चोरी, हत्यालगायत विभिन्न अपराधिक क्रियाकलापमा सवारीसाधनको प्रयोग हुने, तर सवारीसाधन नभेटिने समस्या रहेकोले हामीले त्यसको निगरानी गरी पहिचान गर्न सकिने नयाँ प्रविधि 'अटोमेटिक नम्बरप्लेट रिकग्नाइजेसन क्यामेरा' (एएनपीआर) प्रणाली जडान भएको छ । यसले शंकास्पद गाडीका नम्बरप्लेट र गतिविधि नियाल्न सक्ने क्षमता राख्दछ।

मुख्यगरी यसले चालकको गतिविधि नियन्त्रणमा सहयोग पुग्नेछ। सिटबेल्ट लगाएको छ कि छैन, चालकको अवस्था, फोनमा कुरा गरेर पो गाडी चलाएको छ कि ? भनेर पत्ता लगाउन उक्त क्यामेराले सहयोग गर्छ। अनि नम्बरप्लेटलाई पनि रिड गरेर पठाउँछ।

आधुनिक प्रविधियुक्त उक्त क्यामेराले गाडीको नम्बरप्लेट र चालकको सिटसम्मकै गतिविधि फोटो खिचेर पठाउने हुँदा ट्राफिक व्यवस्थापनमा यसले सहयोग पुर्‍याउँदै आएको छ।



प्रविधिको प्रयोगले विकास र आर्थिक हैसियत मापन गर्छ। त्यसैले प्रविधिको प्रयोगलाई जोड दिएका छौं।'- मेयर इस्तियाक अहमद खाँका।

आधुनिक प्रविधि भएकाले नेपाली र इम्बोष्ट नम्बरलाई पनि क्याप्चर गर्छ । सिद्धार्थनगर नगरपालिकाको तिन वटा स्थान बेलहिया, देवकोटा चोक र एयरपोर्टमा उक्त प्रविधि जडान गरिएको छ। त्यसले सूचनाहरू जिल्ला प्रहरी कार्यालय रुपन्देहीको सूचना शाखामा पठाउँछ। त्यसबाट विश्लेषण गरेर आवश्यक काम गर्न सकिन्छ।

सिद्धार्थनगर नगरपालिकाले क्यूआर कोडमार्फत् राजस्व भुक्तानी पनि सुरु गरेको छ । राजस्व संकलनलाई 'फेसलेस' र 'क्यासलेस' बनाउने नगरपालिकाको नीति अनुरुप क्यूआर कोडमार्फत् राजस्वको भुक्तानी गर्न सकिने व्यवस्था मिलाएको हो। नगरपालिका कार्यालय अन्तर्गत राजस्व प्रशासन शाखा, घरनक्सा शाखा र वडा कार्यालयहरुमा बुझाउनु पर्ने कर, शुल्क तथा दस्तुहरु क्यूआर कोडमार्फत् भुक्तानी गर्न सकिनेछ।

त्यस्तै फोहोर मैला संकलन गर्ने ट्र्याक्टरहरुमा जीपीएस जडान गरी कहाँ छन् भन्ने पत्ता लगाउन सकिने व्यवस्था मिलाएको छ। यसबाट फोहोर मैला सकंलन गर्ने ट्र्याक्टरहरु कहाँ र कुन अवस्थामा छन भन्ने पत्ता लगाउन सकीने छ। र सोहीअनुसार आफ्नो क्षेत्रमा रहेका ट्र्याक्टरको लोकेसन पत्ता लगाई फोहोर पठाउन सकीने छ। यसकोलागि आफ्नो मोबाइलमा लुना जीपीएस डाउनलोड गरी सहजै सेवा लिन सकिने व्यवस्था मिलाइएको छ।

क्यामरा जडान भएपछि नगरको अधिकांश संदिग्द क्षेत्र क्यामेराको सुरक्षाभित्र छ, यसले अध्ययन अनुसन्धानमा ठोस प्रमाणको रुपमा पनि सहयोग भएको जिल्ला प्रहरी कार्यालय रुपन्देही प्रमुख एसपी राठौरले बताए। प्रहरी देख्दा नियम मान्ने, नदेख्दा नियम उलङ्घन गर्ने प्रवृत्तिको अन्त्यका लागि पनि सीसी क्यामरा सहयोगी बनेको उनको भनाइ छ।

## ठेकेदार कम्पनीको लापर्बाहीले जनतालाई सास्ती



**गौरीशंकर जयसवाल**
*परासी*

पूर्व-पश्चिम राजमार्गको बुटवल-नारायणघाट खण्ड विस्तारमा ढिलाइ हुँदा स्थानीय बासिन्दा र यात्रुहरू सास्ती भोग्न बाध्य भएका छन् ।। चाइना स्टेट इञ्जिनियरिङ कर्पोरेशनले निर्माणको जिम्मा लिए पनि तोकिएको समयमा काम सम्पन्न गर्न नसक्दा धूलो, खाल्टाखुल्टी र जामका कारण सर्वसाधारणहरु सास्ती भोग्न बाध्य भएका हुन् ।

शितलहर र चिसोका कारण जाम सवारी साधन चिप्लिएर दुर्घटनाको जोखिम समेत बढेको सवारी चालकहरुले बताएका छन् । हालैको चिसो मौसम र भारी शीतलहरका कारण दाउन्ने सडकखण्डमा सवारीसाधनहरू फसेका छन्। पुस २२ गतेदेखि सुरु भएको शीतलहरपछि बाटो हिलाम्य हुँदा सवारी चिप्लिने समस्या देखा परिरहेको छ । जसले गर्दा बुधबार रातिदेखि अवरुद्ध सडक बिहीबार दिउँसो मात्र एकतर्फी रूपमा सञ्चालनमा आएको थियो। बर्दघाट नगरपालिका-४ स्थित खुर्सानीखोलामा पहाड काटेर विस्तार गरिएको बाटोको माटो अत्यधिक चिप्लो हुँदा सवारीसाधन चल्न नसक्ने अवस्था आएको थियो।

हिउँदे वर्षा र आगामी वर्षायाममा यो सडक अझ बढी जटिल बन्ने चिन्ता बढेको छ। ठेक्का पूरा गर्नु पर्ने समय सकिएर २ पटकसम्म थप भइसकेको छ। ठेक्का लागेको ६ वर्ष पूरा भएको छ। २०७५ चैत ८ गते तत्कालीन प्रधानमन्त्री केपी ओलीले शिलान्यास गरेका थिए। सम्झौताअनुसार ४२ महिनाभित्र निर्माण सम्पन्न हुनुपर्ने थियो, तर करिब ६ वर्ष बितिसक्दा पनि ५५ प्रतिशत मात्र काम सकिएको छ।

बुटवल-दाउन्ने र दाउन्ने-नारायणघाट गरी दुई खण्डमा विभाजन गरिएको सडक आयोजनाको बर्दघाट-दाउन्ने खण्ड ९४८ दशमलव ५३ किमी मा जम्मा ३२ किमी मात्र कालोपत्रे गरिएको छ।

» *बाँकी ३ पेजमा*

## रामग्राम नगरपालिकाको अनुरोध

**शीत लहर तथा चिसोबाट जोगिन गर्ने पूर्व तयारीहरु**

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओड्ने प्रयोग गरौं र सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई बिशेष गरेर चिसोबाट जोगाउने।
- चिसो समयमा शरीरलाई चाहिने तातो र झोलिलो खानेकुरा पर्याप्त खाने।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा बिशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने।
- कोठाभित्र झ्याल ढोका बन्द गरी हिटर वा कोइला बालेर नसुत्ने, कोठाभित्र आगो, कोइला वा हिटर बाल्दा पर्याप्त भेन्टिलेटरको व्यवस्था मिलाउने।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**रामग्राम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल**

## सम्पादकीय

# जनसंख्या बढाउने चुनौती

वि.सं. २०१८ सालमा भएको छैठौं राष्ट्रिय जनगणनामा नेपालको जनसंख्या ९४ लाख १२ हजार ९ सय ९६ थियो । ६ दशकपछि २०७८ सालमा भएको बाऱ्हौं राष्ट्रिय जनगणनाअनुसार नेपालको जनसंख्या तीनगुणा बढेर २ करोड ९१ लख ६४ हजार ५ सय ७८ पुगेको छ। छैठौं जनगणनामा प्राप्त तथ्याङ्कअनुसार, जनसंख्या वृद्धिदर वार्षिक १ दशमलव ६४ प्रतिशत थियो। अहिले जनसंख्या वृद्धिदर आधा घटेर ० दशमलव ९२ प्रतिशत कायम भएको छ। कुल प्रजनन् दर घटेर १ दशमलव ९ मा झरेको छ।

यो तथ्याङ्कले मुलुकले अब जनसंख्या घटाउने होइन्, बढाउने नीति र कार्यक्रम अघि बढाउनुपर्ने भएको छ। कुनै बेला जनसंख्याको वृद्धिलाई रोक्न धेरै सन्तान नजन्माउनका लागि राज्यले कार्यक्रम अघि सार्‍यो। अब जनसंख्या बढाउन सन्तान जन्माउन प्रोत्साहित गर्नुपर्ने भएको छ। त्यसो त स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको जनसंख्या नीति २०८१ को आधारपत्रमा तीनवटा बच्चा जन्माउन दम्पतीलाई प्रोत्साहन गरिएको छ। जनसंख्याको आकार विस्तारै बढ्दै गएको भए पनि बढ्ने दर घटिरहँदा आगामी दिनमा जनसंख्या कम हुँदा समस्या पर्ने देखिन्छ। जन्मदर घट्दा अबको दुई दशकमै नेपालमा सक्रिय जनसंख्या पर्याप्त नहुने देखिन्छ।

विभिन्न वहानामा युवाहरु विदेश गइरहेका छन् । विदेश गएका युवाहरु उतै घरजम गरेर बस्ने र उनीहरुका सन्तान समेत उतै रहँदा संभावित चुनौतीको आकलन हुनुपर्छ । बसाईँसराइ अहिले पहाडबाट तराई, गाउँबाट शहर र शहरबाट अर्को देशमा भइरहेको छ । पहिले दसैँमा टिका थाप्न छोराछोरी बाबुआमा खोज्दै देश आइपुग्थे। परिवार, आफन्त र गाउँमा खुशीयाली र रौनक आउँथ्यो । यो वर्षको दसैँमा कैयौं अभिभावक छोराछोरी खोज्दै अष्ट्रेलिया, अमेरिका, क्यानडालगायत पुगे । यसले आगामी दिनमा अहिलेकै नीति र कार्यक्रम कायम हुँदा नेपालमा जनसंख्या अझैं घट्ने निश्चित छ।

नेपालले सन् १९५९ मा परिवार नियोजन संघ स्थापना गरेर अनौपचारिक रूपमा जनसंख्या नियन्त्रणको नीति लिएको थियो। सन् १९६५ मा राजा महेन्द्रले तत्कालीन राष्ट्रिय पञ्चायतको बैठकमा देशको जनसंख्या वृद्धिदर उच्च भएको, यसले विविध समस्या निम्त्याउने र विकासमा बाधा पुग्ने तर्क गर्दै जनसंख्या नियन्त्रणसम्बन्धी नीति लिने घोषणा गरेका थिए। तेस्रो पञ्चवर्षीय योजनादेखि निरन्तर रूपमा जनसंख्या नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउने लक्ष्य राखेको राष्ट्रिय योजना आयोगले १६ औं पञ्चवर्षीय योजना उक्त प्रावधान हटाइदिएको छ।

नेपालमा प्रजनन् दर एक्कासि घट्नुको अर्थ बढ्दो महँगी, बच्चाको शिक्षा र स्वास्थ्य धान्न बाबु आमाको कमाइ नपुग्नु हो। शिक्षा र रोजगारीमा वृद्धि भएसँगै महिलाले बच्चा जन्माउने सवाललाई कम प्राथमिकता दिन थालेका छन्। जन्मदरको विश्लेषण गरेर नीतिमा नै त्यसलाई प्रोत्साहन गर्ने, दुईभन्दा बढी बच्चा जन्माउने दम्पतीलाई स्थानीय तहबाट दिइने कर छुट, सुत्केरी स्याहार र शिक्षा र स्वास्थ्यमा सुविधाजस्ता कार्यक्रमले दम्पतीहरू बच्चा जन्माउन प्रोत्साहित हुन सक्छन्।

# कम्युनिष्ट र माओवादप्रतिको हाउँगुजी



विन बहादुर कुँवर

कुन यस्तो विरोधी पार्टी छ, जसलाई सत्ताधारीहरुले कम्युनिष्ट भनी बदनाम नगरेको होस्, कुन यस्तो विरोधी पार्टी छ, जसले आफूभन्दा धेरै प्रगतिशील विरोधी पार्टीहरुलाई आफ्नो प्रतिक्रियावादी विरोधीलाई समेत कम्युनिष्ट भएको आरोप नलगाइएको होस् । निश्चय नै नेपालमा पनि कम्युनिष्टको मात्र होइन, माओवाद र माओवादी जनयुद्धप्रति पनि यी सबैको धारणा यस्तै छ। नेपालको सन्दर्भमा मार्क्सवाद र लेनिनवादलाई नाम मात्र स्वीकारे पनि माओवाद र माओवादी जनयुद्धलाई यस्तै रुपमा लिने गरिएको छ।

वर्ग विभाजित समाजमा त्यही अनुरुपका पार्टी संघसंस्था आदि हुन्छन् । जस्तो सामन्ती समाजमा सामन्तवादी दल संघसंस्था जस्तो निरंकुश राजतन्त्र र त्यस अनुरुपको पार्टी । पूँजीवादी समाजमा पूँजीवादी दलीय पार्टी र समाजवादमा सर्वहारा वर्गीय कम्युनिष्ट पार्टी हुन्छ। नेपालमा शाही राजतन्त्र अनि निरंकुश जहाँनिया राणा शासन व्यवस्था। २००७ सालमा जहाँनिया राणा शासन-व्यवस्थाको अन्त्य भए पनि सामन्ती राजतन्त्र अनि पूँजीवादी प्रजातन्त्रको नाममा सामन्ती, दलाल र नोकरशाही बुर्जुवा शासन सत्ता ल्याइयो । त्यसमा राजा-कांग्रेस-कम्युनिष्ट सबै मिसिए । २००७ सालदेखि २०१७ सालसम्म यिनै कोही राजाका दलालहरुले भने कोही भारतीय दलालहरुले देशको शासन सत्ता चलाए। बहुदलीय पार्टीको नाममा कसैले कांग्रेस पार्टी बनाए भने कसैले कम्युनिष्ट पार्टी बनाए । तर यी सबै कोही भारतीय विस्तारवादबाट भने कोही दरबारबाट सञ्चालित भए।

२०१७ सालपछि भने यी सबै दलहरुलाई राजा महेन्द्रले प्रतिबन्ध लगाई आफ्नै नेतृत्वमा निरंकुश र तानाशाही पञ्चायती राज्य व्यवस्थाको थालनी गरे । त्यसपछि भूमिगत रुपमा नै नेपाली कांग्रेस पार्टी र कम्युनिष्टहरुले विभिन्न नामका कम्युनिष्ट पार्टी बनाए । २०२४ सालमा पुष्पलालले नेकपा पुनर्गठन गरे भने झापामा झापालीले को . के हुँदै नेकपा (माले) अनि मोहन विक्रम-निर्मल लामाले नेकपा चौ.म. पुनर्गठन गराएर पार्टी गतिविधि अघि बढाए। २०४५ सालमा भने नेपाली कांग्रेस, माले, मनमोहन र साहना प्रधान नेतृत्वको वाममोर्चा अनि नेकपा मसाल, मशाल, चौ.म.र सर्वहारा श्रमिक संगठन आदि सम्मिलित वाम मोर्चाको संयुक्त संघर्षद्वारा २०४६ सालमा निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य र संवैधानिक राजतन्त्रसहितको बहुदलीय राज्य व्यवस्थाको स्थापना हुन गयो। पञ्चायती निरंकुशताको ठाउँ कांग्रेसी निरंकुशता र कम्युनिष्ट वामको नाममा एमाले हाउगुजी मात्र देखियो।

चुनावी र संसदीय नौटंकीले जनता यसप्रति विस्तृष्णा वाक्क र दिक्क हुँदै गए । ठूलठूला राष्ट्रघात र जनघात भए। जसको फलस्वरुप २०५२ साल फागुन १ गतेदेखि देशमा माओवादी जनयुद्धको थालनी भयो । जसले कांग्रेस-एमाले नेतृत्वको संसदीय राज्य व्यवस्था विरुद्धको जनआक्रोसले एउटा क्रान्तिकारी निकास दियो । रातारात देशव्यापी साना ठूला जनविद्रोह देखा पर्न थाले । सत्ताधारीहरुले जतिसुकै ठूलो शक्ति लगाएर दमन गर्न खोजे पनि त्यसलाई दबाउन सम्भव भएन । झन् पछि झन गाउँ, शहर, जिल्ला, जिल्ला देशव्यापी माओवादी जनयुद्धको प्रभाव र दबदबा बढेर गयो। हजारौं सेना, हजारौं छापामार, मिलेसिया र छापामार आधार इलाका हुँदै स्थायी आधार इलाकाहरु समते बने । गाउँ बस्तीबस्तीबाट सरकारी सेना-पुलिस भाग्ने क्रम बढेर गयो । सेना-पुलिस शहर केन्द्रित भयो भने गाउँका गाउँ बस्तीका बस्ती चारैतिर माओवादी आधार इलाका स्थापना हुँदै गयो।

तर तत्कालीन माओवादी पार्टी नेतृत्व प्रचण्ड- बाबुरामको गद्दारी र आत्मसुरक्षाको कारण भारतीय विस्तारवादको पहल कदमीमा नेपालका नेका, एमाले, मालेलगायतका सात दल र नेकपा (माओवादी) बिच १२ बुँदे दिल्ली समझदारी सम्पन्न गरी त्यो १० वर्षे माओवादी जनयुद्धको गला रेट्ने काम भयो। कथित गणतन्त्र र लोकतन्त्रको नाममा माओवादी जनयुद्धको मात्रै होइन नेपालको सिंगो वाम आन्दोलनकै गला रेट्ने काम यसबाट भयो । यही सामन्ती दलाल र नोकरशाही बुर्जुवा सत्ता अन्तर्गत नै माओवादी जनयुद्धलाई मिसाउने काम भयो।

त्यो दश वर्षे माओवादी जनयुद्धलाई कांग्रेस, एमाले, राजावादी यतिसम्मकि मसाल एकता केन्द्र सबैले आतंकवादी, उग्रवादी र अराजकतावादी भनी विरोध, दमन र निन्दा गर्दै आए। तर जब प्रचण्ड-बाबुराम आत्मसुरक्षावादीहरुले दिल्लीको दबाबमा १२ बुँदे दिल्ली समझदारी गरे । त्यसपछि भने सबैले त्यसको समर्थनमा भजन कृर्तन गाउँदै माओवादीलाई तत्कालीन नेपाली सेनामाथि हमला गर्न उस्काउन पुगे। तब मात्र नेपाली शाही सेना र ज्ञानेन्द्र शाहले हार स्वीकार्न बाध्य भए। तर पछि भने तिनै कांग्रेस र एमालेहरुले माओवादीलाई आतंकवादी नै भनिरहे। माओवादीलाई जे भन्दा र गर्दा पनि चुप लागि बस्ने प्रचण्ड-बाबुराम अनि त्यसको विरोध गर्ने वैद्य-बादल र विप्लवहरुबीच पार्टी अन्तरर्विरोध बढ्दै जान थालेपछि अन्ततः माओवादी पार्टी विभाजनमा पुग्यो।

अहिले त्यो माओवादी पार्टीको नामका आधाा दर्जनभन्दा बढी माओवादी पार्टी बनेका छन् । प्रचण्ड-बाबुराम, विप्लव र वैद्य आदि लगायत केही अरु गुट उपगुट देखिएका छन् । तर यी सबैले त्यो पहिले मार्क्सवादी-लेनिनवादी र माओवादी विचार सिद्धान्त र राजनीतिलाई परित्याग गरिसकेका छन्। पार्टीको पुरानो माओवादी नै बदली अनेक थरी नाममा पार्टी बनाउँदै छन् । हुँदाहुँदै अहिले यी सबै माओवादी विचार-सिद्धान्त, राजनीति र यसको कार्यदिशा र कार्यनीति सबैबाट भाग्दै छन् । नयाँ जनवादको ठाउँमा विप्लवको एकीकृत जनक्रान्ति, वैद्यको केवल एउटा खुड्किलो अनि प्रचण्ड-नारायणकाजीहरुको वर्तमान देशको संविधानमा उल्लेखित तथाकथित समाजवाद उन्मुखतालाई नै आफ्नो कार्यक्रम भएको भनिरहेका छन्। बाबुराम भट्टराईले त माओवाद त के मार्क्सवाद-लेनिनवाद र कम्युनिष्ट पदवली र त्यसको विचार-सिद्धान्त राजनीति, नाम सबैलाई परित्याग गर्दै यही राज्यसत्ताअन्तर्गतकै कथित लोकतन्त्र र समाजवादकै कार्यक्रम अघि सार्दै आएका छन्। यसरी हिजोका १० वर्षे माओवादी जनयुद्धका नायक, उपनायक अनि नेता कार्यकर्ता सबै माओवाद र यसको विचार सिद्धान्त र राजनीतिबाट टाढिँदै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ता अनुरुपको प्रतिक्रियावादी कथित लोकतन्त्र, गणतन्त्र अनि समाजवादको भजन कृर्तन गाउँदै हिंड्न थालिसकेका छन्। त्यसैले आज यिनीहरुका लागि माओवाद, नयाँ जनवाद र वैज्ञानिक समाजवाद सबै हाउगुजी, तातो दुध निलु कि थुकु भालुको कन्चट जस्तै भएको छ।

मार्क्स-ऐंगेल्सद्वारा लिखित कम्युनिष्ट पार्टीको घोषणापत्रमा भनिए जस्तै नेपालमा पनि माओवाद र १० वर्षे माओवादी जनयुद्ध देशका तमाम देशी तथा विदेशी प्रतिक्रियावादीहरुलाई हाउँ गुजी, भूतप्रेत-तर्साउने साधन नै हिजो बनेको थियो र आज पनि भएकै छ अब भोलिका दिनहरुमा नै बनिरहनेछ । यो माओवाद र जनयुद्ध सम्पूर्ण देशी तथा विदेशी प्रतिक्रियावादीहरुका लागि मात्र होइन स्वयं हिजो यो माओवादी जनयुद्ध हाँक्ने मुख्य कमाण्डर नेता सबैका लागि पनि त्यस्तै हाउँगुजी बन्ने गरेको छ । प्रचण्ड-बाबुराम, विप्लव, बादलहरुका लागि मात्रै होइन अब विस्तारै किरण-गजुरेलका लागि पनि त्यस्तै हाउगुजी बन्ने यो हो कि ? प्रश्न उठन थालेको छ।

अन्त्यमा माथि भनिए जस्तै कम्युनिष्ट पार्टीको घोषणापत्रमा उल्लेखित भनाइलाई अघि सारौं- ‘युरोपमा एउटा हाउँ गुजी घुमिरहेको छ, त्यो हो-साम्यवादको हाउगुजी। यसलाई धपाउन भनेर पोप जार गिर्जा, फ्रेन्च उग्रवादी र जर्मन पुलिस अर्थात पुरानो युरोपका सारा सत्ताधारी एक भएका छन्। कुन यस्तो विरोधी पार्टी छ, जसलाई सत्ताधारीहरुले कम्युनिष्ट भनी बदनाम नगरेको होस्, कुन यस्तो विरोधी पार्टी छ जसले आफू भन्दा धेरै प्रगतिशील विरोधी पार्टीहरुलाई आफ्नो प्रतिक्रियावादी विरोधीलाई समेत कम्युनिष्ट भएको आरोप नलगाइएको होस् ।’ निश्चय नै नेपालमा पनि कम्युनिष्टको मात्र होइन, माओवाद र माओवादी जनयुद्धप्रति पनि यी सबैको धारणा यस्तै छ। नेपालको सन्दर्भमा मार्क्सवाद र लेनिनवादलाई नाम मात्र स्वीकारे पनि माओवाद र माओवादी जनयुद्धलाई यस्तै रुपमा लिने गरिएको छ । केही दिन पहिले एमाले अध्यक्ष तथा प्र.म. केपी ओलीले यस्तै भाषणवाजी गर्दै १० वर्षे माओवादी जनयुद्धप्रति तीब्र निन्दा र घृणा गरेका थिए।

# सातौं दिनमा घट्यो नेप्से, कारोबार रकम बढ्यो



काठमाडौं। ६ दिन लगातार बढेको सेयर बजार बिहीबार सातौं कारोबार दिनमा भने दोहोरो अङ्कले घटेको छ। साताको अन्तिम कारोबार दिन बिहीबार १८ अङ्कले बजार घट्दा परिसूचक २६३५ बिन्दुमा पुगेको छ। बजार घटे पनि कारोबार रकम भने उकालो लागेको छ। ७ अर्ब ३० करोड ५३ लाख रुपैयाँको कारोबार भएको छ । बिहीबार बाराही हाइड्रो र हिमालयन पावर पार्टनरको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

होटल तथा पर्यटन समूहको सूचक ०.९९ प्रतिशतले बढ्यो । अन्य सबै उपसमूहको सूचक घटेको छ । समग्रमा यो साताभर बजार ४४ अङ्कले बढेको छ। आइतबार २५९१ बिन्दुमा रहेको परिसूचक आज २६३५ बिन्दुमा छ।

# मदिराको सेवनले बढाउँछ यी ७ प्रकारका क्यान्सरको जोखिम (नयाँ अध्ययन)

मदिराको सेवनले ७ प्रकारका क्यान्सरको जोखिम बढाउने नयाँ अध्ययनले दर्शाएको छ । अमेरिकाको स्वास्थ्य तथा मानव सेवा विभागले गरेको एक अध्ययनले त्यस्तो दर्शाएको हो।

अमेरिकी जनरल सर्जन डा. विवेक मूर्थीले शुक्रबार मद्यपानले क्यान्सरको जोखिम बढाउन सक्ने चेतावनी दिएका छन् । साथै, उनले मद्यपेय पदार्थमा अद्यावधिक स्वास्थ्य चेतावनी लेबल राख्नुपर्ने माग पनि गरेका छन्।

यहाँसम्म कि हल्का मद्यपानको पनि कुनै लाभ छैन, र यसले हानि पुऱ्याउन सक्छ।

**मद्यपानले कम्तिमा ७ प्रकारका क्यान्सरको जोखिम बढाउँछ**

मुख (ओरल क्याविटी)
घाँटी (इसोफेगस)
स्तन (महिलामा)
कलेजो
गला (फ्यारिंक्स)
स्वरयन्त्र (ल्यारिंक्स)

**मद्यपानले क्यान्सर कसरी निम्त्याउँछ ?**

मेकानिज्म १ः मद्यपानले शरीरमा एसिटाल्डिहाइड उत्पादन गर्छ, जसले डी.एन.ए (डीएनए) मा क्षति पुऱ्याउँछ र क्यान्सरको जोखिम बढाउँछ।

मेकानिज्म २ : मद्यपानले अक्सिडेटिभ तनाव बढाउँछ, जसले डी.एन. ए, प्रोटिन र कोषहरूलाई क्षति पुऱ्याएर र शरीरमा सुजन बढाएर क्यान्सरको जोखिम बढाउँछ।



मेकानिज्म ३ः मद्यपानले शरीरका विभिन्न हर्मोनको स्तर परिवर्तन गर्छ, जसमा एस्ट्रोजेन पनि पर्छ । यसले महिलामा स्तन क्यान्सरको जोखिम बढाउँछ।

मेकानिज्म ४ः मद्यपानले शरीरमा कार्सिनोजेनहरूको अवशोषण बढाउँछ।

मद्यपानको मात्राको वृद्धिसँगै बढ्छ क्यान्सरको जोखिम

दिनको दुई गिलास मद्यपान गर्ने १०० मध्ये करिब ५ महिलामा क्यान्सर हुने सम्भावना हुन्छ।

दिनको दुई गिलास मद्यपान गर्ने १०० मध्ये करिब ३ पुरुषमा क्यान्सर हुने सम्भावना हुन्छ।

मद्यपानको असर पुरुष र महिलामा दुवैमा देखिन्छ, तर महिलामा यसको जोखिम अझ बढी हुन्छ।

**महिलामा मद्यपानले क्यान्सरको जोखिम बढी हुने कारण**

महिलाको शारीरिक बनावट पनि एक कारण हो।

महिलाको शारीरिक आकार सामान्यतया सानो हुने भएकाले समान मात्रामा मद्यपान गर्दा महिलाको रक्तमा मद्यपानको मात्रा उच्च हुने र शरीरका हरेक कोषमा मद्यपानको असर बढी हुने देखिन्छ।

साथै, महिलामा शरीरको बोसोको मात्रा पुरुषभन्दा बढी हुने हुँदा मद्यपानले महिलामा बढी असर पुऱ्याउँछ।

महिलामा मद्यपानले स्तन क्यान्सरको जोखिम बढाउँछ

दिनको दुई गिलास मद्यपान गर्दा १०० मध्ये करिब ४ महिलामा स्तन क्यान्सरको सम्भावना हुन्छ।

नवीनतम आइ.ए.आर.सी रिपोर्टले विश्वभरि वार्षिक रूपमा हुने ७५,००० मध्ये करिब २० प्रतिशत ओठ र मुखका क्यान्सर मद्यपानका कारण हुने बताएको छ।

मद्यपानले शरीरलाई क्यान्सरबाट जोगाउन सहयोग गर्ने बी भिटामिन र फोलेटजस्ता महत्त्वपूर्ण पोषक तत्वको मात्रा पनि घटाउँछ।

मद्यपान एक शक्तिशाली विलायक पनि हो, त्यसैले जब यो अन्य क्यान्सरजनक पदार्थहरू जस्तै चुरोटसँग सम्पर्कमा आउँछ, तब यसले ती उत्पादनहरूबाट क्यान्सर उत्पन्न गर्ने पदार्थहरूको उच्च स्तर निकाल्छ र तिनीहरूको प्रभावलाई अझ शक्तिशाली बनाउँछ । यसले कुनै पनि प्रकारको सुर्तीजन्य पदार्थ सँग खतरनाक मिलावोट बनाउँछ र जसमा धुवाँ नआउने सुर्तीजन्य पदार्थ पनि पर्दछ।

स्वास्थ्य खबरबाट

# बगनासकालीले गऱ्यो कृषि मेला तथा प्रदर्शनी



**कृष्ण पोखरेल**
*पाल्पा*

बगनासकाली गाउँपालिकाको अधिकांश भू-भाग कृषियोग्य जमिन रहेकोले पालिकाले कृषि उत्पादनमा वृद्धि गर्न, कृषकका समस्या, गुनासाहरु सुन्न र सम्बोधन गर्न १२ दिने स्थानीय उत्पादनको प्रदर्शनी तथा मेला गरेको छ । बगनासकाली गाउँपालिका, तरकारी, अदुवा वेसास, दुध, मौरी, लहरेवाली, मसलाजन्यवालीलगायतका कृषि उत्पादनमा प्रख्यात रहेको छ।

गाउँ-गाउँमा कृषि उत्पदान वृद्धि गर्न, कृषकहरु उत्पादनप्रति हौसल्ला बढाउन, कृषि उत्पादनमा प्रोत्साहन गर्न बगनासकाली गाउँपालिकाले पालिकास्तरीय कृषि मेला तथा प्रदर्शनी गरेको छ । पालिकाले विभिन्न ४ वटा कृषि विधालाई प्राथमिकता दिई पालिकास्तरीय कृषि मेला तथा प्रदर्शनी गरेको हो ।

कृषि उत्पादन प्रदर्शनी तथा मेलामा पालिका भरीका १ सय १ जना कृषकहरुले आ-आफ्नो खेतबारीमा उत्पादन गरेका कृषि उत्पादन प्रदर्शन गरेका थिए । विभिन्न थरीका कृषि उत्पादन देखेर कृषकहरु नै एक आपसमा दंग परेका छन् ।

गाउँ-गाउँमा व्यवसायिक कृषि उत्पादन वृद्धि गर्न, कृषकहरुलाई कृषि पेशाप्रति आकर्षण गराउँदै उत्पादनप्रति हौसल्ला बढाउन पालिकास्तरीय कृषिमेला तथा प्रदर्शनी आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष सरस्वती चिदीदर्लामीले बताइन । गाउँपालिकाले सबैभन्दा धैरे बजेट कृषि क्षेत्रमा लगानी गर्दै आएकोले कृषकहरुलाई व्यवसायि बनाउँदै घर-घरमा रोजगारी बढाउन कृषि मेला तथा प्रदर्शनीले सहयोग पुगेको पालिका अध्यक्ष दर्लामीले बताइन ।

गाउँपालिकाको प्रमुख आयश्रोत भनेकै कृषि उत्पादन हो । प्रत्येक वडा, टोल, टोलमा व्यवसायिक कृषि उत्पादन बढाउन, उनीहरुलाई प्रोत्साहन गर्न, कृषि उत्पादनसम्बन्धी मल, बिउ, पानी, रोग, किरा नियन्त्रण, विषादीको प्रयोगको बारेमा जानकारी गराई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन पालिकाले कृषि मेला तथा प्रदर्शनीको आयोजना गरेको पालिका उपाध्यक्ष हरिप्रसाद पाठकले बताए ।

पालिकास्तरीय कृषि प्रदर्शनीले १ सय १ वटै किसानले उत्पादन गरेका विभिन्न किसिमका कृषि उत्पादन हेरेर, कृषि उत्पादनको तरीका, मलबिउतथा खेती गर्ने विधिको बारेमा जानकारी लिएको बगनासकाली ९ चापपानीकी सीता बस्यालले बताइन ।

पालिकाले विगत दुई वर्षदेखि कृषि प्रदर्शनी तथा मेला संचालन गर्दै आएको छ । आ.व.७९/८० मापालिकाले ९ वटै वडामा, आ.व. ८०/८१ मापालिका स्तरीय र चालु आर्थिक वर्षमा पनि पालिकास्तरीय कृषि मेला तथा प्रदर्शनी आयोजना गरी कृषिमा देखिएको उपलब्धि, समस्या, सुझाव एक अर्कालाई जानकारी गर्ने गराउने, एक आपसमा सिक्ने सिकाउने काममा सहयोग पुगेको कृषि शाखा प्रमुख रामहरि गैरेले बताए । प्रदर्शनीले गतवर्ष भन्दा गुणस्तरीय उत्पादन भएको, उत्पादनमा वृद्धि भएको, कृषकहरु जागरुपर चेतनामा वृद्धि भएको, कृषिउत्पादनमा मागहरुमा वृद्धि भएको कृषि प्रमुख गैरेले बताए ।

कृषि प्रदर्शनी तथा मेलामा तरकारी फलफूल पुष्पवाली, मसला, नगदे तथा गानावाली, स्थानीय रैथानेवाली र दलन, तेलहन, तथा खाधान्न वाली गरी ४ विधामा कृषकहरुले आ-आफ्ना उत्पादनहरु ल्याएका थिए । कृषि प्रदर्शनी तथा मेलामा १ सय १जनाको सहभागी रहेको र विभिन्न ४ वटा विधाका प्रथम, द्वितीय र तृतिय हुने १२ जना कृषकहरुलाई पुरस्कृत गरिएको थियो । अन्य ८९ जना कृषकहरुलाई यातायातसहित सम्मान गरेको कृषि प्राविधिक खिमराज कोइरालाले बताए ।

प्रदर्शनीमा तरकारीबालीअन्तरगत बगनासकाली २ का कृषक ऋषि प्रसाद श्रेष्ठको फर्सी प्रथम भएको छ भने बगनासकाली ७ का वेनकला गौतमको भाण्टा द्वितीय, बगनासकाली १ चिरतुंधाराकी लक्ष्मी न्यौपानेको रायोको साग तृतीय भएको छ। यसैगरी स्थानीय रैथाने, खाद्यान्न दलहन, तेलहन तथा विविध बालीअन्तरगत बिगनासकाली २ का विजय भट्टराईको कोदो बाली प्रथम, सोही स्थानकै सूमन पहारीको फाफर बाली द्वितीय र बगनासकाली ७की यमीसरा बुढाथोकीको गहते सिमीबाली तृतीय भएको छ । यसैगरी फलफूल तथा पुष्पवालीतर्फ बगनासकाली ६ की यमकला अधिकारीको अम्बा प्रथम भएको छ भने द्वितीयमा सोही ठाउँकै खड्कराज बस्यालको सुन्तला परेको छ भने तृतीयमा बगनासकाली ८ का झपिन्द्र बस्यालको सयपत्रीफूल परेको छ ।

मसलानगदे तथा गानोबालीतर्फ बगनासकाली ४ की अम्बिका न्यौपानेको तरुल, बगनासकाली ९ की सीता बस्यालको अदुवा द्वितीय र वडा नं ६ काधनिसरा बस्यालको पिडाँलु तृतीय भएको छ । पालिकाले प्रथम हुनेलाई नगद ८ हजार, द्वितीय हुनेलाई नगद ६ हजार र तृतीय हुनेलाई नगद ४ हजार, प्रमाण र मेडल प्रदान गरेको छ ।

बगनासकाली गाउँपालिकाले गुणस्तरी कृषिउत्पादन बृद्धि गर्ने, एक आपसमा प्रतिष्पर्धा बढाउन पालिकास्तरीय कृषि मेला तथा प्रदर्शनी सहयोग पुगेको जनाएको छ। प्रदर्शनीले कृषकहरुमा उत्साह जगाएको छ, जोश जागर चलाए जे पनि राम्रोसंग उत्पादन गर्न सकिने रहेछ भन्ने आत्मबल वृद्धि भएको बगनासकाली २ पोखराथोकका विजय भट्टराईले बताए ।

# पाणिनी गाउँपालिकामा अपांगता परिचयपत्र वितरण

**अविजित पन्थी**
*अर्घाखाँची*

पाणिनी गाउँपालिकाले दुर्गाफाँटमा अपांगता भएका व्यक्तिहरुको पहिचान र उनीहरुको अधिकारको सुनिश्चितताका लागि विशेष कार्यक्रम आयोजना गरेको छ ।

'पाणिनी र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनी निर्माण हाम्रो अभियान' भन्ने नाराका साथ आयोजित कार्यक्रममा पाणिनी गाउँपालिकाभित्रका अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको हो ।

कार्यक्रम गाउँपालिका उपाध्यक्ष नर्मदा गौतम पौडेलको संयोजकत्वमा सम्पन्न भएको थियो । उनले समाजमा अपांगता भएका व्यक्तिहरुको सम्मानजनक जीवन र उनीहरुको सेवा सुविधामा सहज पहुँच पुऱ्याउने उद्देश्यले यो कार्यक्रम गरिएको बताइन ।

अपांगता परिचयपत्र वितरण अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ तथा पाणिनी गाउँपालिकाको अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७६ बमोजिम गरिएको हो । पूर्ण असक्त अपांगता भएका ३ जनालाई 'क' वर्ग, अति असक्त अपांगता भएका २४ जनालाई 'ख' वर्ग, मध्यम अपांगता भएका २ जनालाई 'ग' वर्ग, सामान्य अपांगता भएका ७ जनालाई 'घ' वर्गगरी जम्मा ३६ जनाले परिचयपत्र प्राप्त गरेका छन् । जसमध्ये १३ जना महिला र २३ जना पुरुष रहेका थिए । कार्यक्रममा पाणिनी गाउँपालिकाका ८ वटै वडाका जनप्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।



गाउँपालिका अध्यक्ष टेकराज न्यौपानेले अपांगता भएका व्यक्तिहरुलाई आवश्यक सहयोग पुऱ्याउन गाउँपालिका सधैँ प्रतिबद्ध रहेको जनाए । 'अपांगता भएका नागरिकहरुको हक, अधिकार र सेवा सुविधामा सहजता ल्याउने यो अभियानलाई हामीले दीर्घकालीन रूपमा अघि बढाउने छौं ।'- उनले भने । पाणिनी गाउँपालिकाको समृद्धि अपांगता भएका नागरिकहरुको सशक्तिकरणबाट सम्भव रहेको न्यौपानेले बताए ।

त्यसैगरी, प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले अपांगता भएका व्यक्तिहरुको तथ्यांक व्यवस्थापनले उनीहरुको सेवा वितरणलाई थप प्रभावकारी बनाउने बताए । उनले भने-'क वर्गका अपांगता भएका व्यक्तिले मासिक ४,००० र ख वर्गका व्यक्तिले मासिक २,४०० सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ । अन्य अपांगता भएका व्यक्तिहरुले राज्यका समावेशी सिटमा प्रतिस्पर्धा गर्न, अस्पताल, हवाई तथा स्थल यातायातलगायतका क्षेत्रमा सहुलियत पाउने व्यवस्था गरिएको छ ।'

कार्यक्रममा अपांगता भएका व्यक्तिहरुका समस्या समाधान गर्न परिचयपत्र वितरणलाई महत्वपूर्ण माध्यमको रूपमा लिइएको छ । पाणिनी गाउँपालिकाले समावेशीता, पहिचान, र समृद्धिको अभियानलाई अझ प्रभावकारी बनाउन यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता समेत जनाएको छ ।

### धरौटी...

त्यसैगरी, पूर्वडीआइजी छविलाल जोशीसँग ८८ लाख धरौटी माग भएको छ ।

रामबहादुर खनालसँग १५ लाख, लिला पछाईसँग ३६ लाख, मीना गुरूङसँग ५ लाख, आरती गुरूङसँग ५ लाख र कृष्णबहादुर गुरूङसँग एक लाख धरौटी माग भएको छ ।

उनीहरूविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा मुद्दा दायर भएको थियो । सहकारी ठगीमा छविलाल जोशीविरुद्ध ५ करोड २६ लाख ६५ हजार रुपैयाँ बिगो माग भएको थियो ।

सम्पत्ति शुद्धीकरणमै पूर्वडीआइजी छविलाल जोशीको ७४ करोड ३४ लाख ७१ हजार ५५ रुपैयाँको स्रोत नखुलेको भन्दै सोही बराबरको रकम मागदाबी गरेको थियो ।

### ठेकेदार...

मुख्य बजार क्षेत्रहरू खैरेनी, घोडाहा, बर्दघाटमा एकतर्फी कालोपत्रे समेत नभएर स्थानीय बासिन्दाले धूलो र ट्राफिक जामको सामना गर्नुपरेको छ । बर्दघाटका स्थानीय बासिन्दा तथा बर्दघाट उद्योग वाणिज्य संघका कार्यबाहक अध्यक्ष ताराप्रसाद गौतमले निर्माणको ढिलाइले बर्दघाटवासी पलायन हुनु पर्ने अवस्था आएको बताए । '३/४ वर्ष भयो बाटो बन्दैनन्, व्यापार छैन । बेच्न राखेका सामान नै धुलो धुवाँले नचिनिने र कुरुप भएका छन् ।'-गौतमले भने । कम्तीमा एकतर्फी कालोपत्रे भए मात्रै अर्कोतर्फको बाटो बनाउने तयारी थालेको भए जनताले राहत पाउने गौतमको भनाइ छ ।

चाइना स्टेटका सूचना अधिकारी बेचन भट्टराईका अनुसार हाल पश्चिम खण्डमा करिब ४ सय जना कामदार सडक निर्माणमा खटिएका छन् । असारसम्म एकतर्फी कालोपत्रे गर्ने लक्ष्य राखिएको छ । तर, मुख्य बजार क्षेत्रहरूमा सुस्त कामका कारण दुर्घटनाको जोखिम बढिरहेको छ । बर्दघाट बजार क्षेत्रमा २ किलोमिटर दुरीमा चारवटा कल्भर्ट निर्माणको क्रममा छन्, जसले बाटो झन असहज बनाइरहेको छ ।

विशेषगरी, दाउन्ने सडकखण्ड सबैभन्दा जोखिमपूर्ण रहेको छ, जहाँ १६ किलोमिटर सडक छिचोल्न कम्तीमा एक घण्टा लाग्छ । यहाँ अझैं २ किमी पहाड काट्न बाँकी रहेको छ ।

निर्माण कम्पनीले समय-समयमा धूलो कम गर्न पानी छर्कने गरे पनि खाल्डाखुल्डी पुर्न चासो नदेखाएको यात्रुहरू बताउँछन् । साना सवारी चालकहरू दाउन्ने खण्ड पार गरेपछि 'युद्ध जितेझैं' अनुभूति गर्ने अवस्था आएको छ । ४२ महिनामा सम्पन्न गर्ने लक्ष्य राखिएको परियोजना ८ वर्ष पुगे पनि सकिने सम्भावना नदेखिँदा जनतामा निराशा छाएको छ ।


## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।०८।२० गते इस्मा देखि तम्घास आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : रामु सार्की
**ठेगाना** : इस्मा गाउँपालिका-६, गुल्मी
**बिमा लेख नं.** : २५०४१३८५६
**मोबाइल न** : ९८६७८३७४४०



लुम्बिनी प्रदेश
## सडक पूर्वाधार विकास कार्यालय
गुलरिया, बर्दिया

## बोलपत्र स्विकृत गर्ने आशयको सुचना

मिति : २०८१–०९-२६

यस कार्यालयबाट मिति २०८१ साल मंसिर २१ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार देहायका कार्यका लागी निर्धारित मितिभित्र दर्ता भएका बोलपत्र मध्ये तपसिल बमोजिमका बोलपत्रहरु न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोमा स्विकृतिको आशयको प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरीएको छ ।

| S. N. | Name of Works | Contract ID | Name Of Contractor | Bid Price With VAT |
|---|---|---|---|---|
| 1 | 11.12.1.395 Shivshaktipur FutahakoJanpriya Ma Vi Jane batomaNakahaNalama Steel Bridge Construction (Civil Works and Fittings) | RIDO/BARDIYA/ W/NCB/TB/ 74/081-82(RE) | Shree Bindabaasini NirmanSewa, Badhaiyatal, Bardiya | 14,32,708.11 |
| 2 | 11.7.2.51 Narayanpurra Barbardiyana pa 1 ra 2 jodne Budhikulo ma Jho.Pu. Nirman (Civil Works and Fittings) | RIDO/BARDIYA/ W/NCB/TB/75/ 081-82(RE) | Shree Bindabaasini NirmanSewa, Badhaiyatal, Bardiya | 22,42,858.68 |
| 3 | 11.7.2.53 Budhikhola Truss Bridge MagragadhiGhat Barbardiya 5 (Civil Works and Fittings) | RIDO/BARDIYA/ W/NCB/TB/77/ 081-82(RE) | Ideal Soil Test Pvt Ltd, Thapagaon Kathmandu Metro-10 Baneshwor | 14,97,707.98 |



## Bhumikasthan Municipality
**Office of the Municipal Executive**
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

# Invitation for BIDs

Date of publication: 1-10-2025 (2081-09-26)

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.3000/- as bidding document fee in the account as specified below:
   ***Information to deposit the cost of bidding document in Bank:***
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800138
   - Office Code No.: 801055101
   - Revenue Code No.: 14249
   - Account Name : Internal Revenue.
4. Bid Security must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   ***Information to deposit the BID Security Amount in Bank:***
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800048
   - Account Name :Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi Lumbini Province, Nepal at 29-01-2025 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 10-02-2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 10-02-2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi

**Bidders other details are as given below:**


| Tender No. | Name of Project | Total Amount (Exclusive VAT and Contingency) | BID Price | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 29/BMA/W/ UPG/081/82 | Todke to Sitganga Municipality -2 Supadeurali Motorable Road Construction Works. | 1905000.10 | NRs. 3000.00 (Not Refundable) | 55,000 | 90 Days |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

मदन भण्डारी गोल्डकप भलिबल:

# उपाधि त्रिभुवन आर्मी क्लबलाई



बुटवल । बुटवलमा जारी मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ शिल्ड पुरुष भलिबल च्याम्पियनसीप प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ ।

तीन विभागीय र एक भारतीयसहित ८ टिमको सहभागिता रहेको प्रतियोगिताको फाइनलमा त्रिभुवन आर्मीले नेपाल पुलिस क्लबलाई ३-२ सेटमा हराउँदै रनिङ शिल्ड कब्जा गरेको हो ।

बुटवल रामनगर खेलमैदानमा बिहीबार भएको निकै प्रतिस्पर्धात्मक फाइनल खेलको पहिलो सेट पुलिसले २५-१८, दोस्रो सेट आर्मीले २५-१८, तेस्रो सेट पुलिसले २५-२० र चौथो सेट नेपाल आर्मीले २५-२२ ले जितेको थियो ।

निर्णायक पाँचौं सेटमा पुलिस माथि हाबी हुँदै आर्मीले १५-७ को फराकिलो अंक अन्तरले सहज जित निकाल्दै उपाधि चुम्न सफल भयो ।

जितसँगै आर्मीले ७ लाख, उप-बिजेता पुलिसले ३ लाख ५० हजार, तेस्रो भएको मणिमुकुन्द भलिबल क्लब रूपन्देहीले १ लाख ७५ हजार र चौथो भएको गुजरात स्टेट भारतलले १ लाख रुपैयाँ पाएका छन् ।

प्रतियोगिता मदन भण्डारी स्पोर्ट्स एकेडेमीले आयोजना गरेको हो ।

# मासु पसल र भेटेनरी पसलमा अनुगमन



नवलपरासी । भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पश्चिम नवलपरासी र सरोकारवालाले पश्चिम नवलपरासीका मासु, माछा तथा भेटेनरी पसलहरुमा अनुगमन गरेको छ । भेटेनरी औषधि तथा जैविक पर्दाथ मासु पसल, पशुपन्छी फार्म, ह्चरी र पशु नश्ल सुधारको गुणस्तर कायम गर्ने उद्देश्यले नवलपरासी पश्चिमका विभिन्न पालिकामा अनुगमन गरेको हो ।

विज्ञ र सरोकारवालाको टोलिले जिल्लाको सरावल, प्रतापपुर गाउँ पालिका र बर्दघाट नगरपालिकामा सञ्चालित मासु, माछा तथा एग्रोभेट पसलहरुमा अनुगमन गरेको हो ।

अनुगमनका क्रममा मासु, माछा पसल सञ्चालकसँग सरसफाइ, अनुमति पत्रलगायतका विषयमा विज्ञ र सरोकारवालाको टोलीले जानकारी लिएको थियो ।

अनुगमन टोलीले दर्ता नगरी सञ्चालन गरेका पसलहरुलाई दर्ता गर्न र दर्ता गरी सञ्चालनमा रहेका सञ्चालकलाई सरसफाइलगायतका विषयमा ध्यान दिन सुझाव दिएको थियो ।

टोलीले सरावल र प्रतापुर गाउँपालिका तथा बर्दघाट नगरपालिकाका ११ मासु पसल, एउटा माछा र एउटा भेटेनरी पसल अनुगमन गरेको थियो । अनुगमनको क्रममा बर्दघाटको एउटा मासु पसलमा धेरै दिनदेखि फ्रिजमा राखेको कुखुराको मासु नष्ट गरेको थियो ।

अनुगमन टोलीमा मत्य विकास भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका निर्देशक श्रवणकुमार चौधरी, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र परासीका डाक्टर विभूति सिंह, नेपाल पत्रकार महासंघका अध्यक्ष केशव पराजुली उपभोक्त हित संरक्षण मञ्चका उपाध्यक्ष भोजराज बाराकोटी, पशु क्वारेन्टाइन चेक पोष्ट महेशपुरका डाक्टर मनोज अधिकारी, पशु रोग अन्वेषण प्रयोग शाला परासीका डाक्टर भरत काफ्ले, घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत कृष्ण काफ्ले, पशु सेवा अधिकृत सुरेशप्रसाद मिश्र, सुरक्षाकर्मीलगायतको टोलीले अनुगमन गरेको थियो ।

साई ग्लोबल कपः

# कालिका र प्यारामाउण्ट उपाधिका लागि भिड्ने







भैरहवा । बुटवल कालिका क्याम्पस र प्यारामाउण्ट कलेज रुपन्देहीको भैरहवामा जारी साई ग्लोबल कप जिल्लास्तरीय अन्तरकलेज टि-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि भिड्ने पक्का भएको छ । बिहीबार भएको सेमिफाइनलमा कालिकाले युनिक होमलाई ५५ रनले हराउँदै फाइनल यात्रा तय गरेको हो । यस्तै, प्यारामाउण्टले रुपन्देही क्याम्पसलाई ७ विकेटले पराजित गर्दै फाइनल यात्रा तय गर्यो । यी दुई टीमबिच शुक्रबार उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो सेमिफाइनल खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको कालिकाले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १ सय ४७ रनको बलियो योगफल बनायो । उसका लागि प्रज्वल थापाले ७९ रनको अर्धशतकीय पारी खेले । ६० बलको सामना गरेका उनले ९ चौका र १ छक्का प्रहार गरे । यस्तै, गगन अधिकारीले २५ र अभिषेक गौतमले नटआउट १२ रन जोडे । बलिङमा युनिक होमका इकलाख अहम्मद वारिस, साहजाद पठान र अरुण सिंहले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको युनिक होम १९ ओभर ५ बलमा सबै विकेट गुमाउँदै जम्मा ९२ रन बनायो र उपाधि होडबाट बाहिरियो । उसका लागि इकलाख अहम्मद वारिसले ३८ र अरुण सिंहले १३ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् र टिम पराजित भयो । बलिङमा कालिकाका विपिन भट्टराई र प्रज्ज्वल थापाले २-२ तथा विवश खाती, अभिषेक गौतम र सम्राट थापाले १-१ विकेट लिए । खेलमा प्रज्ज्वल थापा प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै, दोस्रो सेमिफाइनलमा टस हारेर ब्याटिङको निम्तो पाएको रुपन्देही क्याम्पसले १४ ओभर ४ बलमा सबै विकेट गुमाएर जम्मा ७० रनको झिनो लक्ष्य प्रस्तुत गर्यो । उसका लागि इमरान खानले २०, जितेन्द्र साहनीले १५ र सन्तोष यादवले १३ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् । बलिङमा उसलाई सस्तैमा रोक्न प्यारामाउण्टका शिव कुँवर, तुलबहादुर थापा र आषुतोश पाण्डेले २-२ तथा सन्देश थापा, सागर गैह्रे र सागर भण्डारीले १-१ विकेट लिए ।

प्रतिउत्तरमा ७१ रनको झिनो लक्ष्य पछ्याएको प्यारामाउण्टले १३ ओभर ३ बलमा ३ विकेटको नोक्सानीमा ७२ रन बनाउँदै सहजै जित हात पार्यो । उसको जितमा सन्देश पन्थीले अविजित ३५ र शिव कुँवरले नटआउट १७ रनको योगदान गरे । बलिङमा रुपन्देही क्याम्पसका सन्तोष यादवले २ र जितेन्द्र साहनीले १ विकेट लिए । शिव कुँवर प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र साई ग्लोबल कलेजको मुख्य प्रायोजनामा प्रतियोगिता भइरहेको हो । प्रतियोगिताको विजेता टिमले ५५ हजार, उपविजेताले २५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई १ हजारसहित प्रमाणपत्र, प्लेयर अफ द सिरिजलाई १० हजारसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै, बेस्ट बलर र बेस्ट बलरलाई जनही ५ हजारसहित ट्रफी र प्रमाणपत्र तथा अनुशासित टीमलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए ।

सुनवल नगरपालिकाको अनुरोध
चिसो तथा शीतलहरको समयमा,
- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम
, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने,
जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात
लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।
अनुरोधक :
शेषकान्त पौडेल, प्रमुख प्रशासकीय अधिकृत
सुर्य प्रसाद दुबे, उप-प्रमुख
विमला अर्याल, नगर प्रमुख
सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (ब.सु.प), लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com